# भूमे साप्ताहिक

वर्ष ५ अङ्क ५ २०८० जेठ ३ बुधबार



### सम्पादकीय

## उत्पादन बढाऔं, कृषि एम्बुलेन्स थपौं

भूमे गाउँपालिकाको खाबाङ बगरमा कोसेली घर सञ्चालन गरिरहेको मारिङ बहुउद्देश्यीय सहकारी संस्थाले कृषि एम्बुलेन्स सेवा शुरु गरी निकै सह्रानीय कार्य गरेको छ। यस्तो कार्य सहकारीले मात्रै होइन, स्थानीय सरकारले नै कृषि एम्बुलेन्सहरु सञ्चालन गर्दा कृषकहरुलाई धेरै राहत हुने देखिन्छ।

भूमे गाउँपालिकामा उच्च पहाडी क्षेत्र र दुर्गम गाउँ बस्ती भएकाले कृषकले उत्पादन गरेका कृषिउपज तरकारी, फलफूल, दलहन, रैथाने बालीहरु तथा हस्तकला, काष्ठकला र विभिन्न परम्परागत औजारहरु बजारसम्म पु-याउन सहज छैन। कृषक र ग्राहकको पुलको रुपमा यस्ता कृषि एम्बुलेन्सहरु बरदान सावित हुन सक्छन्। त्यसैले सहकारीले मात्रै होइन, स्थानीय सरकारले नै यो अवधारणालाई पछ्याउँदा भूमे गाउँबासीलाई ठूलो राहत हुनेछ।

स्थानीय सरकारले कृषकका उत्पादनको बजार व्यवस्थापन र बजारसम्म पु-याउन ढुवानीको उचित प्रबन्ध गर्न सक्ने हो भने भूमे गाउँपालिका र यस आसपासका गाउँबस्तीमा प्रशस्त मात्रामा फलफूल, दलहन तथा अन्नबाली, तरकारी उत्पादन हुने सम्भावना देखिन्छ। किसानले उत्पादन गरेका कृषिउपजको बजारसम्म ढुवानीको व्यवस्था, उचित भण्डारण र बजारीकरणमा स्थानीय सरकारले सहजीकरण गर्न सक्छ। त्यसका लागि कृषि उपज सुरक्षित र सहुलियतमा पालिकाको केन्द्र वा बजारसम्म ढुवानी गर्न कृषि एम्बुलेन्स एउटा राम्रो आइडिया हो। यस्ता आइडियाहरुलाई स्थानीय सरकारले ग्रहण गरी पहलकदमी लिन ढिला गर्नु हुँदैन। अर्गानिक उत्पादनको हबका रुपमा विकास गर्न खोजेको रुकुम (पूर्व) र त्यसमा पनि भूमे गाउँपालिकामा कृषकहरुलाई अर्गानिक फलफूल, तरकारी र अन्नबाली उत्पादनमा प्रोत्साहित गर्ने र ढुवानी, भण्डारण र बजारीकरणको उचित व्यवस्थापन स्थानीय सरकारले गर्न सक्नुपर्छ। त्यस्तै, परम्परागत कला संस्कृति र जीवन व्यवहारमा प्रयोग हुने वस्तु तथा औजारहरुको संरक्षण, सम्वद्र्धन र तिनको आधुनिकीकरणमा पनि स्थानीय सरकारले पहल लिनु जरुरी छ।

**प्रकाशक**

भूमे गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

खाबाङबगर, रुकुम (पूर्व)

लुम्बिनी प्रदेश नेपाल

# बेसहारा बालबालिकालाई पढाउँदै भूमे गाउँपालिका




❖ **बालाराम शेर्पाली**


भूमे गाउँपालिकाले बेसहारा बालबालिकालाई आवासीय व्यवस्थासहित निःशुल्क पढाउने भएको छ। पालिकाले बेसहारा, द्वन्द्वकालमा प्रभावित भएका सहिद परिवारका बालबालिकालाई आवासीय व्यवस्थासहित निःशुल्क पढाउन लागेको हो।

चालु आर्थिक वर्ष २०७९/८० को स्वीकृत वार्षिक नीति तथा कार्यक्रम अन्तर्गत बेसहारा बालबालिकालाई पढाउने सूचना जारी गरी पालिकाले त्यस्ता बालबालिकाहरुलाई वडा समितिको निर्णयसहित विद्यालयमा निवेदन दिन आग्रह गरेको छ। सूचनामा भनिएको छ, "निःशुल्क आवासीय व्यवस्थापन तथा पठनपाठनका लागि पालिकाको नीति तथा कार्यक्रममा उल्लेख गरिएको युद्धकालमा स्थापित सहिद वासु स्मृति नमूना जनवादी विद्यालयलाई जीवन्त संग्रहालयको रुपमा विकास गर्दै सहिद परिवार, अनाथ, अभिभावकविहीन बालबालिकालाई आवासीय पठनपाठन र आधारभूत विद्यालयमा दिवा कक्षा अध्ययनका लागि व्यवस्था गर्ने" भूमे गाँउपालिकाले सूचना जारी गरेको छ।

बेसहारा बालबालिकाहरुलाई भूमे गाउँपालिका वडा नं. ३ क्याङ्सीस्थित सहिद बासुस्मृति नमूना जनवादी विद्यालय भवनमा आवासीय र सहिद वासुस्मृति नमूना आधारभूत विद्यालय क्याङ्सीमा दिवा कक्षा पठनपाठनको व्यवस्था मिलाइएको भूमे गाँउपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले बताउनु भयो। नयाँ शैक्षिक सत्र २०८० को भर्ना सुरु भई पठनपाठनसमेत सुरु भइसकेकोले छुटेका भए छिटो विद्यालयमा सम्पर्क गर्न अध्यक्ष श्रेष्ठले आग्रह गर्नुभयो।

आवासीय व्यवस्थापनसहित पठनपाठनका लागि सहाराविहीन, अभिभावकविहीन, विपन्न, सहिद परिवार/सहिद सन्तति, अनाथ बालबालिकाहरुको उपस्थिति न्यून रहेको र अभिभावकमा समेत अलमल देखिएकोले पालिकाले सूचना प्रकाशन गर्नुपरेको प्रमुख प्रशासकीय अधिकृत चन्द्रसिंह श्रेष्ठले बताउनु भयो। "सहाराविहीन बालबालिकाको पठनपाठन सुनिश्चितताका लागि सूचना जारी गर्नुपरेको हो", अधिकृत श्रेष्ठले भन्नुभयो, "अति विपन्न, अभिभावकको आर्थिक अवस्था नाजुक भएर विद्यालय बाहिर रहेका बालबालिकालाई वडा समितिको निर्णयसहित निःशुल्क आवासीय व्यवस्थापन तथा पठनपाठनका लागि चाँडै छनोट हुँदैछ।"

सिफारिस गरिएका बालबालिकाको भर्नाका लागि आवश्यक कागजातसहित बैशाख मसान्तभित्र विद्यालयसँग समन्वय गर्न पनि उहाँले आग्रह गर्नुभयो। स्थानीय सरकारले जिम्मा लिएको उक्त विद्यालयमा रहने बालबालिकाहरुलाई पूर्ण पारिवारिक वातावरणमा आवासीय व्यवस्थापन हुने भएकाले ढुक्क भएर उनीहरुलाई विद्यालयमा भर्ना गर्न श्रेष्ठले अनुरोध गर्नुभयो।



# आकासे पानीको भरमा अर्गानिक कृषि खेती



❖ बालाराम शेर्पाली

अर्गानिक जिल्ला घोषणा गरिएको रुकुम (पूर्व)का किसानहरु कृषि उपज उत्पादनका लागि परम्परागत खेती प्रणालीमै निर्भर रहेका छन्। उच्च पहाडी क्षेत्र र भिरालो जमिन भएको र खेतबारी पनि भिरालो पाखोमै हुने भएकाले यहाँका कृषकहरु आधुनिक कृषि प्रविधिअनुसार खेतीपाती गर्न असमर्थ भएका हुन्।

खेतबारी खनजोतका लागि यहाँका किसानहरु काठबाट बनाएको हलो र जुवा प्रयोग गर्छन् भने जोत्नलाई हल गोरु (दुइटा गोरु) को भर पर्दछन्। सबैखाले कृषि उपज अर्गानिक उत्पादन गर्ने भनेर सरकारी तहबाटै जिल्लामा रासायनिक मल, किटनासक औषधी सबै प्रतिबन्ध लगाइएको छ। किसानहरु खेतबारीमा घरमै पालेका पशुपन्छीहरु गाइगोरु, भैंसी, बाख्रा, भेडा, कुखुरा आदिको मलमूत्रबाट बनेको मल प्रयोग गर्छन् भने कतिपयले कम्पोष्ट मल पनि बनाएर प्रयोग गरेका छन्।

भूमे गाउँपालिका वडा नम्बर ३ का लालबहादुर विकले अहिलेसम्म खेतबारी खनजोतका लागि एक हल गोरुकै भर परेको बताउनु भयो। आफूले खेतबारीमा गाई, भैंसी र भेडा बाख्राको मल प्रयोग

गरेको भन्दै बिकले त्यसले उब्जनी राम्रै भइरहेको बताउनु भयो। भिरालो पाखो बारीमा सिचाइको व्यवस्था नभएकाले आकासे पानीको भर पर्नुपर्ने बाध्यता रहेको उहाँको दुखेसो थियो।

लालबहादुरजस्तै सोही गाउँका पूर्ण बहादुर बिकले पनि गोरु नारेरै खेतबारी जोत्ने गरेको बताउनु भयो। आफूहरुले खेतीपातीका लागि आधुनिक औजारहरु प्रयोग गर्न नपाएको भन्दै पूर्णबहादुरले एक हल गोरुले दुई/तीनवटा बारीका पाटा जोत्न बिहानभर लाग्ने बताउनु भयो। “तराईतिर खेतबारी पनि समथर हुन्छ, जोत्नलाई ट्याक्टर, मेसिनहरु हुन्छन्, थोरै समयमा धेरै खनजोत गर्न सकिन्छ” पूर्णबहादुरले भन्नुभयो, “हाम्रो भिरालो र विकट पहाडका पाखोबारीमा आधुनिक प्रविधि त कसरी ल्याउनु।” परम्परागत कृषि औजार र तरिका भए पनि पुरानै शैलीमा खेतीपाती गर्दा अन्नबाली उत्पादनमा पनि वृद्धि गर्न नसकिएको विकको भनाइ छ।

वडा नम्बर ३ का कृषकलाई जस्तै गाउँपालिकाका अधिकांश कृषकहरुको समस्या उस्तै रहेको छ। यहाँका बासिन्दा कृषि व्यवसायमै निर्भर रहे पनि सिचाइ सुविधा नहुँदा आकासे पानीमा निर्भर रहनु परेको छ। “समयमै पानी प-यो भने बाली सप्रन्छ, पानी परेन भने किसानको दुःख त्यसै खेर जान्छ”, भूमेकै एक कृषक भन्छन्, “हामी मरिमरी पसिना बगाएर खेतीपाती लगाउँछौं। कहिले पानी नपरेर बाली उम्रिदैन त कहिले रोगले बाली स्वाहा हुन्छ। केही गरी उब्जनी भयो भने पनि गाउँको उत्पादन सजिलै बिक्री हुँदैन।”

# उत्कृष्ट दुई विद्यार्थीलाई छात्रवृत्ति

भूमे गाउँपालिका वडा नं. २ खाबाङबगरस्थित त्रिभुवन आधारभूत विद्यालयका पूर्वप्रअ स्वर्गीय कर्मधन बुढाका परिवारले सोही विद्यालयका उत्कृष्ट दुई विद्यार्थीलाई पुरस्कृत गरेका छन्। पूर्वप्रअ कर्मधन बुढाका छोराहरुले बुवाको स्मृतिमा विद्यालयमा छात्रवृत्ति कोष स्थापना गर्ने उद्देश्यसहित पहिलोपटक उत्कृष्ट दुई विद्यार्थीलाई नगद दुई हजार, कापी कलम, विद्यालय पोशाक, जुत्ता र झोला प्रदान गरेका हुन्।

छात्रवृत्ति कोषबाट हरेक वर्ष उत्कृष्ट हुने दुई जना विद्यार्थीलाई शैक्षिक सामग्री, विद्यालय पोशाक र नगद पुरस्कार दिने गरी सहमति भएको कर्मधनकी श्रीमती मंगली बुढाले बताउनु भयो। कर्मधनका छोराहरु मोहन बुढा, जुनतारा बुढा र राजेन्द्र बुढाले बुबाको स्मृतिमा गरिब तथा जेहेन्दार विद्यार्थीलाई केही सहयोग पुगोस् भनेर छात्रवृत्ति कोष स्थापना गरिएको बताएका छन्।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रुजिबिर पुनको प्रमुख आतिथ्यमा भएको पुरस्कार वितरण कार्यक्रममा प्रअ लालबहादुर खड्काले स्वागत गर्नुभएको थियो भने वडा अध्यक्ष नारायण पुनले धन्यवाद व्यक्त गर्नुभएको थियो। कार्यक्रमको सञ्चालन कर्म पुनले गर्नुभएको थियो।

# मारिङ सहकारीले शुरु ग-यो कृषि एम्बुलेन्स

❖ बालाराम शेर्पाली



रुकुम (पूर्व)को भूमे गाउँपालिका वडा नं. २ खाबाङबगरमा कोसेली घर सञ्चालन गरेको मारिङ बहुउद्देश्यीय सहकारी संस्थाले कृषि एम्बुलेन्स सञ्चालनमा ल्याएको छ। स्थानीय स्तरमा उत्पादित कृषि उपजहरुको बजारीकरणका लागि सहकारीले कृषि एम्बुलेन्स सञ्चालनमा ल्याएको हो।

कृषि एम्बुलेन्सले बारीमै पुगेर कृषि उपज र खाद्यान्न तथा घरमै पुगेर हस्तकलाका सामानहरु संकलन गरी कोसेली घरमा ल्याउन थालेपछि कृषकहरु खुसी भएका छन्। सहकारीले स्थापना गरेको कोसेली घरमा स्थानीय कृषि उपज, अन्नबाली र हस्तकलामार्फत् गाउँमा निर्मित वस्तु खरिद गरी बिक्रीका लागि राखिएको छ।

गाउँपालिकाका ९ वटै वडामा उत्पादित स्थानीय वस्तुको संकलन गरी बजारीकरण र प्रचार प्रसारमा सघाउने उद्देश्यले कृषि एम्बुलेन्स सञ्चालनमा ल्याइएको सहकारीका व्यवस्थापक सन्दीप अधिकारीले बताउनु भयो। व्यवस्थापक अधिकारीले भन्नुभयो, “स्थानीय स्तरमा उत्पादित सामग्रीको प्रचार प्रसार हुनुका साथै बजारीकरणका लागि यसले महत्त्वपूर्ण भूमिका खेलिरहेको छ।”

उत्पादक र उपभोक्ता बीचमा समन्वयकारी भूमिका खेलेर सहकारीले दुई पक्षलाई जोडिदिने काम गरिरहेको स्थानीय ममिता रोका मगरले बताउनु भयो। कृषकले उत्पादन गरेका सामग्री कोसेली घरमा राखेर सहकारीले प्रचारसँगै बजारीकरणका लागि काम गरेको रोका मगरले बताउनु भयो। यसले सामग्री तथा खाद्यान्न उत्पादन गर्न ऊर्जा मिलेको कृषकहरुको भनाइ रहेको छ।

कृषकले उत्पादन गरेका कृषि उपज, अन्नबाली र निर्माण गरेका सामग्रीलाई सडकको पहुँच रहेका सबै गाउँबाट कृषि एम्बुलेन्सले कोसेली घरमा ओसार्ने गर्ने गरिएको छ। अरु सवारी साधनभन्दा सहुलियत भाडामा कृषि एम्बुलेन्सले खाद्यान्न तथा निर्मित सामग्री ओसार्ने भएकाले कृषकहरु खुसी भएका छन्।

# मेरो कार्यकालमा खानेपानीको समस्या समाधान गर्छु

**श्यामप्रसाद बुढामगर,** वडा अध्यक्ष, भूमे गाउँपालिका वडा नम्बर ४

**वडाबासीले खानेपानीको समस्या निकै झेल्नुपरेको छ। सुख्खायाम लागेसँगै मुहान सुक्दा वडाबासीलाई खानेपानीको समस्या पर्ने गरेको छ। निकै टाढाबाट गाग्रीमा पानी ल्याउनु पर्छ। त्यहीँ पानी ल्याउन पनि कुवामा पालो पर्खनुपर्ने अवस्था छ।**



**वडा अध्यक्षमा निर्वाचित भएको पनि एक वर्ष पूरा भइसकेको छ, यो अवधिमा वडाबासीलाई के कसरी सेवा दिनुभएको छ?**

गत वर्ष बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट मलाई भूमे गाउँपालिका वडा नम्बर ४ का जनताले वडाको सेवा गर्न भनेर नै अध्यक्षमा निर्वाचित गर्नुभएको हो। वडाबासीको मतको उच्च कदर गर्दै सम्पूर्ण वडाबासीको सुख, दुःख र अप्ठ्यारोमा साथ दिदै आउँदा एक वर्ष पूरा भएको छ। एक वर्षको अवधिमा वडाको विकास निर्माण, वडाबासीका समस्याहरुको समाधानका लागि खटिरहेको छु। वडाबासीको चाहना र अपेक्षालाई मैले विश्वासमा बदल्ने प्रयास गरिरहेको छु। उहाँहरुको मप्रति जुन, आशा र विश्वास छ, त्यसलाई निरासामा बदलिन दिएको छैन।

वडा अध्यक्षको रुपमा १ वर्ष पुगिसकेपछि वडाबासीको घर घर र टोल टोलमा पुगेर जनप्रतिनिधिहरुको कामबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ भनेर बुझ्ने र भेला गर्ने तयारी गरिरहेको छु। वडाबासीको सल्लाह अनुसार नै बाँकी ४ वर्षलाई अझ रचनात्मक र वडाबासीको हितमा लगाउने छु।

वडाको विकासका लागि कहाँ के आवश्यक छ भन्ने कुरा वडाबासीकै राय सल्लाह लिएर योजना तय गर्ने गरिएको छ। हाम्रो वडामा ३ वटा टोलहरु काँडा, तल्लो साकिम र धौलापैरा रहेका छन्। सबै टोलहरुमा आवश्यक विकासका कामहरु गर्न, युवा तथा महिलाहरुको सीप विकास गर्न र शिक्षा, स्वास्थ्यको क्षेत्रमा देखिने समस्या समाधान गर्न मैले गर्न सक्ने पहल गरिरहेको छु।

**तपाईंको वडामा खानेपानीको निकै समस्या रहेको छ भन्ने सुनिन्छ, खानेपानीका लागि के कस्ता पहल गर्नुभएको छ?**

तपाईंले भनेजस्तै हाम्रो वडामा खानेपानीका निकै समस्या छ। पहाडी क्षेत्र भएकाले प्रशस्त खानेपानीका मुहान पनि छैनन्। त्यसैले वडाबासीले खानेपानीको समस्या निकै झेल्नुपरेको छ। सुख्खायाम लागेसँगै मुहान सुक्दा वडाबासीलाई खानेपानीको समस्या पर्ने गरेको छ। निकै टाढाबाट गाग्रीमा पानी ल्याउनु पर्छ। त्यहीँ पानी ल्याउन पनि कुवामा पालो पर्खनुपर्ने अवस्था छ।

वडाको यस्तो समस्या समाधान गर्न मैले अध्यक्ष निर्वाचित भएदेखि नै संघ र प्रदेश सरकारबाट अलि ठूलो आकारको बजेट विनियोजनका लागि पहल गरिरहेको छु। गाउँपालिकालाई पनि वडामा रहेको खानेपानीको समस्या निवारण गर्न अलि चाँडो पहलकदमी बढाउन आग्रह गरिरहेको छु। मैले मेरो कार्यकालमा जसरी भए पनि वडाबासीलाई खानेपानीको समस्याबाट छुटकारा दिलाउन काम गर्छु भन्ने विश्वास लिएको छु।

**वडाको शैक्षिक अवस्था के कस्तो छ? शिक्षाको विकासका लागि के कस्ता पहल गर्नुभएको छ?**

हाम्रो वडा नं. ४ मा जनशक्ति माध्यमिक विद्यालय काँडा र जनविकास आधारभूत विद्यालय साकिम गरी दुई वटा विद्यालय रहेका छन्। दुवै विद्यालयमा गरी लगभग पाँच सयको हाराहारीमा विद्यार्थीहरु अध्ययन गरिरहेका छन्। शिक्षक तथा विद्यार्थीहरु विद्यालयमा नियमित आए नआएको, पठनपाठन नियमित भए नभएको बारे बुझ्न जनप्रतिनिधिहरुले बेला बेलामा अनुगमन गर्ने गरेका छौं।

शिक्षा बिना हामी केही गर्न सक्दैनौं। शिक्षाले जीवन कसरी जीउने भन्ने कुरा सिकाउँछ। शिक्षाले गर्दा व्यक्तिलाई आफ्ना पुर्खाले सङ्कलन गरेका सम्पदा, तिनका सांस्कृतिक र सामाजिक सबै छर्लंग ज्ञान दिन्छ, जसले उसलाई आफ्नो जीवनका समस्याहरू समाधान गर्न मद्दत गर्दछ।

सम्पदाहरू यति व्यापक छन् कि कुनै पनि व्यक्तिले आफ्नो सम्पूर्ण जीवनमा पनि तिनीहरूलाई पूर्ण रूपमा प्राप्त गर्न सक्दैन। कलिला भाइबैनीहरुले राम्रो पढे लेखेमा उनीहरुको भविष्य उज्ज्वल हुने गर्दछ। त्यसैले हामीले शिक्षाको क्षेत्रमा लगानी र समय दिनुपर्छ भन्ने मान्यता लिएर वडाबासी सबैलाई शिक्षित बनाउने अभियानमै छौं।

**वडा नं. ४ मा कुन कुन समुदायको बसोबास रहेको छ?**

हाम्रो वडामा मगर, दलित, नेवार र क्षेत्री समुदायको बसोबास रहेको छ। फरक फरक जातजाति भए पनि यहाँका सबैको भाषा, धर्म र चालचलन समान रहेको छ। सबैले नेपाली खस भाषा नै बोल्ने गर्दछन्। यहाँका बासिन्दाहरु दसैं, तिहार, बल पूजा, माघे सकराँती जस्ता चाडपर्वहरु धुमधामपूर्वक मनाउने गर्दछन्।

# मगर समुदायको विशेष पर्व भूमे

**मगरहरू भूमि (प्रकृति)को पूजा गर्छन्। उनीहरु असार पहिलो साता धुमधामसँग भूमे पर्व मनाउँछन्। फसल राम्रो लागोस्, सबै निरोगी होऊन, प्राकृतिक प्रकोप नपरोस् र समाजमा सद्भाव कायम होस् भनेर भूमे पर्व मनाइन्छ।**

**❖ चन्द्र सिंह श्रेष्ठ**



भूमे गाउँपालिका भूमे नाच Photo: Surendra Rana

भूमे पर्व १८ मगरात क्षेत्र विशेष गरी रोल्पा/रूकुमको मगर बाहुल्य क्षेत्रमा सबैभन्दा ठूलो उत्सवका रूपमा मनाइन्छ। मगरहरू प्रकृतिपूजक भएकाले भूमिलाई पूजा गर्ने चलन छ। भेडा, कुखुरा र सुंगुरको बली चढाएर बल पूजा गरिन्छ। यो पर्व बर्खा (वर्षायाम) सुरु हुन लगत्तै असारको पहिलो सातादेखि मनाइन्छ। किसानहरूले अन्न बाली थन्क्याएपछि र आगामी वर्ष राम्रो फसल लागोस्, सबै निरोगी होउन्, समाजमा शान्ति र सद्भाव छाओस् एवं प्राकृतिक

प्रकोपबाट बचियोस् भन्ने कामनाका साथ भूमिको पूजा गरिने स्थानीयको भनाई रहेको छ।

भूमे पर्व मनाउन भूमे पूजाको अघिल्लो दिन गाउँलेहरु लेकमा फूल टिप्न जान्छन् र तारो हाल्ने भाकामा गीत गाउँदै नाचगान गर्दै गाउँ झर्छन्। भेडा, कुखुरा र सुँगुरको बली चढाएर बल पूजा गरिन्छ। कतिपय स्थानहरुमा लेकबाट सुँगुरलाई लटारेर पूजा गर्ने खेतबारीसम्म पुऱ्याइन्छ जसलाई बल तान्ने पनि भनिन्छ। बल पूजा अर्थात भूमे पूजा गरेपछि भूमे नाच सुरु हुन्छ।



परामपरागत भेषभूषामा (गुन्यु चोली, धरो, पछ्यौरी, गादो, गहनामा सजिएका महिला तथा चोली, छड्के, पटुका, टोपी आदिमा सजिएका पुरुष) धुमधामसँग भूमे नाच नाच्छन्। सहनाई, दमाहा, टेम्को लगायत बाजाको तालमा महिला र पुरुषले छुट्टाछुट्टै लाइनको घेरा बनाएर लयपूर्वक नाच्दछन्। नाचका ताल २२ थरि भएता पनि अचेल १२ चाल मात्र नाच्ने गरिन्छ। यो पर्वको तयारी करिब डेढ महिना अघिदेखि सुरु हुन्छ। यो पर्व विशेषतः रूकुम पूर्वका महत, सीमा, धर्मशाला, काँक्री, लुकुम, क्याङ्सी, काडा, चुनबाङ, तकसेरा, कोल, नाखा, राङ्सी, जाङ गाउँहरू र रोल्पाका थबाङ, जेलबाङ, उवा आदि ठाउँहरूमा मनाइन्छ।

मगरहरू भूमि (प्रकृति)को पूजा गर्छन्। उनीहरु असार पहिलो साता धुमधामसँग भूमे पर्व मनाउँछन्। फसल राम्रो लागोस्, सबै निरोगी होऊन, प्राकृतिक प्रकोप नपरोस् र समाजमा सद्भाव कायम होस् भनेर भूमे पर्व मनाइन्छ।

गाउँपालिकामा प्रकृति पूजकको बाहुल्यता रहेको र यही पर्वको नामबाट पालिकाको नाम भूमे रहन गएकाले स्थानीय सांस्कृतिक पर्वलाई महत्वपूर्ण स्थान दिँदै हरेक वर्ष भूमे गाउँपालिकाले जेठ मसान्त र असार १ गते सार्वजनिक बिदा दिने गरेकोमा २०७७ सालदेखि तत्कालीन प्रदेश नं ५ को सरकारले समेत राजपत्रमा प्रकाशन गरेर असार १ गते भूमे पर्व बिदा दिन थालेको छ।

**लोकसेवा आयोग, शिक्षक सेवा आयोग, हाजिरी जवाफ प्रतियोगिताका लागि उपयोगी**

**१. विसं २०८० वैशाख २२ मा कति औं बुद्ध जयन्ती मनाइयो?**

≅ २५६७ औं

**२. रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको क्रेमलिनस्थित निवासमा ड्रोन आक्रमण कहिले भएको हो?**

≅ सन् २०२३ मे २

**३. राष्ट्रिय पत्रकारिता दिवस कहिले मनाइन्छ ?**

≅ वैशाख २४ (विसं २०८० मा ८ औं राष्ट्रिय पत्रकारिता दिवस मनाइयो। विसं १९५८ वैशाख २४ गते गोरखापत्र प्रकाशनको दिनलाई नेपाली पत्रकारिताको प्रारम्भिक दिन मानेर यो दिवस मनाउँदै आइएको छ।

**४. अम्बर गुरुङ राष्ट्रिय सङ्गीत पुरस्कारबाट सम्मानित हुने कलाकार को हुन् ?**

≅ गीतकार किरण खरेल

- नेपाली राष्ट्रगानका सङ्गीतकार अम्बर गुरुङको योगदानको कदर गर्दै पोखरेली युवा सांस्कृतिक परिवारले उनको नाममा राष्ट्रिय सङ्गीत कोष स्थापना गरी दुई लाख रुपियाँ पुरस्कारको राशि रहेको पुरस्कारबाट पहिलो पटक खरेललाई पुरस्कृत गरेको हो। फिल्म माइतीघरको यो हो मेरो प्राणभन्दा प्यारो गीतका रचयिता किरणले सयभन्दा बढी फिल्ममा गीत लेखिसकेका छन्।

**५. इन्टरनेसनल फाइनान्सियल कर्पोरेसन (आइएफसी) तथा संयुक्त राष्ट्रसङ्घीय पूँजी विकास कोष (युएनसिडिएफ) ले प्रकाशन गरेको नेपाल वित्तीय समावेशीकरण रिपोर्ट २०२३ अनुसार कति प्रतिशत नेपालीसँग बुढेसकालका लागि कुनै बचत योजना छैन ?**

≅ ६० प्रतिशत

**६. विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले कोभिड-१९ महामारीको विश्वव्यापी स्वास्थ्य सङ्कटकाल अन्त्य भएको घोषणा कहिले गरेको हो ?**

≅ सन् २०२३ मे ४ (सङ्कटकाल घोषणाको तीन वर्षपछि कोरोना महामारी अन्त्य भएको घोषणा गरिएको थियो। डब्लुएचओले सङ्कटकाल अन्त्यको घोषणालाई महामारीकै समाप्तिका रूपमा नलिन चेतावनी दिएको छ। डब्लुएचओका अनुसार कोभिड महामारीमा कम्तीमा ७० लाख मानिसको मृत्यु भएको छ भने डब्लुएचओले पहिलो पटक सन् २०२० जनवरी ३० मा कोभिडलाई विश्वव्यापी स्वास्थ्य सङ्कटकाल घोषणा गरेको थियो।)

**७. नेपाल र नाउरुबिच कूटनीतिक सम्बन्ध स्थापना कहिले भएको हो ?**

≅ सन् २०२३ मे ५ (नेपालसँग दौत्य सम्बन्ध कायम हुने नाउरु १७९ औं सदस्य राष्ट्र हो।)

**८. नेपालको माउन्ट फुजी भनी कुन हिमाललाई चिनिन्छ ?**


≅ मनास्लु

**९. हाल अति कम विकसित राष्ट्र सबैभन्दा बढी कुन महादेशमा रहेका छन् ?**

≅ अफ्रिका

*संकलन- टंक के.सी. गोरखापत्र दैनिकबाट साभार*

# भकारो सुधार कसरी गर्न सकिन्छ ?




**नारायण ओली**

गोठेमल गाई भैसीको मलमूत्र, घाँसपातका अवशेष र सोत्तरलाई गोठ नजिकै राखेर तयार गरिने मल हो। नेपालमा उत्पादन र प्रयोग हुने मुख्य प्राङ्गारिक मल हो। गाई भैंसीको गोबर, पिसाब, सोत्तर र अन्य घाँसपातका अवशेषलाई मिसाई वा नमिसाई तयार गर्न सकिन्छ। किसानहरुका लागि उपयुक्त र पुरानो पद्धति हो।

गोठे मल खेतीपातीका लागि धेरै राम्रो मानिन्छ। गाईभैंसीबाट प्राप्त हुने नाइट्रोजनको ८०% मलमूत्रमा हुन्छ। यो खेतीपातीका लागि महत्त्वपूर्ण पोषण तत्व हो। गोठे मलका प्रमुख स्रोत भएकोले मलमूत्रलाई संरक्षण गरि मल तयार गर्नुपर्छ। खेतीपातीका लागि गोठे मललाई सदुपयोग गरि उत्पादन लिन सकिन्छ। गोठे मल जुनसुकै बालीका लागि उपयुक्त मानिन्छ। गोठे मललाई खेतबारीमा डोक्याउँदा लामो समयसम्म सुकाउनु हुँदैन। तत्काल खनजोत गरि माटोमा मिसाउनु पर्छ। किनभने यसमा रहेको पोषण तत्व बिनास हुन्छ।

भकारो सुधार परम्परागत भकारोलाई सुधार गर्ने कार्य हो। भकारो सुधार गर्नु भनेको गाई–भैंसी बाँध्ने ठाउँबाट पिसाब (मूत्र) लाई चुहेर जान नदिई संरक्षण गर्ने तरिकालाई नै भकारो सुधार भनिन्छ। यसरी भकारो सुधारले गाई भैंसीको स्वास्थ्यमा सुधार आउनुका साथै गोबर र गहुत पनि संरक्षण हुने गर्दछ। अब मूत्र किन बढी महत्वपूर्ण छ त? यो यस कारण महत्वपूर्ण छ कि गोबर मलमा भन्दा दोब्बर नाइट्रोजन मूत्रमा प्राप्त

हुन्छ। यसको महत्व थाहा नभएका कारणले गोबरलाई प्राथमिकता दिई मूत्रलाई वास्ता गर्दैनौं। यदि गाईभैंसी बस्ने गोठमा मूत्र संकलन हुने ठाउँ बनाई राखे वा मूत्रलाई खेर जान नदिन बस्ने ठाउँमा सोत्तर प्रयोग गरेमा मूत्र खेर जानबाट बचाउन सकिन्छ। यदि हामीहरुले गाई, भैंसीहरुलाई १०० प्रतिशत नाइट्रोजन प्राप्त हुने घाँस दाना दियौं भने २० प्रतिशत नाइट्रोजन गाई, भैसीको पोषणमा प्रयोग हुन्छ भने बाँकी ८० प्रतिशत मल, मूत्रबाट बाहिर निस्कन्छ। जसमध्ये २८ प्रतिशत गोबरबाट र ५२ प्रतिशत मूत्रबाट बाहिर आउँछ। यो प्रमाणित हुन्छ कि पिसाबमा बढी नाइट्रोजन पाइन्छ। हामीले यो पिसाब संकलन गरी कम्पोष्ट खाडलमा मिसाएर कम्पोष्ट तयार गर्न सकिन्छ। बोटविरुवालाई राम्रो नाइट्रोजन प्राप्त हुन्छ। त्यसैले बोटविरुवाको लागि मूत्र अति उपयोगी र महत्वपूर्ण छ।





**भकारो सुधार उद्देश्यः**

- गुणस्तरीय मलको उत्पादन तथा प्रयोगमार्फत् प्राङ्गारिक उत्पादनलाई जोड दिने।
- रासायनिक मलको प्रयोग कम गरी कृषि उत्पादन लागत घटाउने।
- दिगो कृषि विकास गरी खाद्य सुरक्षामा योगदान पु-याउने।
- आरामदायी भकारो निर्माण गर्ने।
- पशुजन्य पदार्थ उत्पादनमा बृद्धि गर्ने।

**सुधारिएको गोठ निर्माण गर्ने।**

२. गहुत संकलन खाडल बनाउने।

३. गहुँको भुसा, पराल, स्याउला, सोत्तर जस्ता गहुँत सोस्ने खालका सोतरको प्रयोग गोठमा र मल पल्टाउने स्थानमा गर्ने।

४. हिउँदको समयमा राम्रो घाम लाग्ने स्थानमा भकारो बनाउने ता कि पशुले घाम ताप्न सकोस् ता कि दूध उत्पादनका लागि प्रकाशको राम्रो भूमिका हुन्छ।

*(लेखक पशु सेवा प्राविधिक हुनुहुन्छ।)*




दुई महिने सिलाइ कटाइ तालिममा सहभागी भूमे गाउँपालिका वडा नं ४ र ५ का महिला दिदीबहिनीहरु। महिलालाई सीप सिकाइ आत्मनिर्भर बनाउने उद्देश्यले चालू आ.व. २०७९/८० को बजेट विनियोजन गरी तालिम सञ्चालन गरिएको हो।



भूमे गाउँपालिका वडा नं ९ मा खानेपानी आयोजना सम्पन्न भएपछि पालिका उपाध्यक्ष सबिना बुढामगर सहितको अनुगमन टोली कामको गुणस्तर मूल्याङ्कन गर्न अनुगमन गर्दै। आर्थिक वर्ष सकिन लाग्दा पालिकाले विकास आयोजनाहरुको प्रगति बुझ्न अनुगमन तीव्र बनाएको छ।



भुमे गाउँपालिका वडा नं ९ मा सञ्चालित मुढा बुनाई तालिममा सहभागी स्थानीय महिलाहरु। वडा कार्यालयमार्फत् शुरु गरिएको तालिममा महिलाहरुको उत्साहजनक सहभागिता रहेको छ।

**कविता**

# मखमली

**- नारायण ओली**

गहुँको छवालीले छाएको
सानो घर थियो
सुख पनि त्यस्तै थिए गहुँका बालाजस्तै
खेतमा झुलेर झप्कै फलेका
असिनाले कतिखेर झार्ने हो पत्तै नहुने।

मखमली- चोलीजस्तै सुहाउने बालपन थियो
मझेरीमा बसेर
छानोबाट खसेका तप्केनी खेल्दै हुर्केको
न अनुभव रह्यो नयाँ चप्पल र नाना फेरेको
च्यात्तिएको पाइजामा,
आमाको मजेत्रो ओढेर दाउरा बोकेको
चिसो छिँडीमा बसेर कालो पाटीमा खरीमट्टीले
ठूला ठूला अक्षरहरु लेखेको
ती यादगर पल आजकाल खुबै सम्झिन्छ।

खाली पाउले पाठशालाको तुसारोमा ज्ञानका ज्योति भर्दै
कयौं पटक रोएको छु
छिनेका फित्ता टुकीले झुत्रो चप्पलमा चिप्काउँदै
हजार सपनाहरु देखेको छु
फाटेका हातले निधारका तेस्रा धर्काहरु छाम्दै
कयौं हिजोहरु बिर्सेको छु
कहिले नभेटिने भोलि खोज्दा खोज्दै
अझै आस मरेको छैन, विगतहरु भुलेको छैन।

मलाई तन्नेरी बन्नु थियो
आशाका किरणहरु चुम्न समय छिचोल्नु थियो
सुन्दर भविष्य बनाउन
समयलाई बुवाको शरीरमा देखेको थिएँ
चाउरी परेका गालामा
माया र प्रेरणा संगालेर हिडेको देखिन्थ्यो
फुलेका केशमा पसिनाको फल फलेको देखिन्थ्यो।

दिनैपिच्छे आमा र बुवालाई
बूढो हुँदै गएको देखेको छु
समय गालामा चाउरी परेको
केशमा फुलेको, निधार टक्लु हुँदै गएको
नरम र मयाला दाह्रीले ग्रिष्म ऋतु भेटाएको
मेरै आखाले देखेका छन्।

इच्छा र सपनाहरु त्यागेर
सन्तानलाई काखमा सुताएको देखेको छु
जिम्मेवारी र परिवारलाई काँधमा बोकेर
खुसीका फूलहरु फुलाएको देखेको छु
पीडा र वेदनाहरु भुलेर मस्कुराउँदै
घरको जग हालेको देखेको छु
दुई हात जोडेर
तकियामुनि दुबो, पाथी र अछेता राखेको देखेको छु
परिवारमा शान्तिका लागि हरेक बिहान दियो बालेको
उदाउँदो सूर्य र तुलसीको मठमा जल चढाएको
आमाले भोगेका चुराहरु छामेको छु।

च्यातिएको कट्टु, मैलिएको कमिज
फुटेको कालोपाटी
जुटको झोलामा एक मुठी रागा भिरेको छु
तिहुनका लागि गुन्द्रुकको सगुन
बाटामा पर्ने जंगलमा
झारपातका फूलहरु कयौं पटक बटुलेको छु
नुन ल्याउन पुगेका हटारु
कहिले खासा, कहिले कोइलाबासका
मिठाइका पोकाकन्थराहरु
पर्खिदै बार्दलीको दलिनमा बसेको छु ।

भैंसीको गोठमा बिलौनी बसाएको
बिगौती खाएर आमाको कोखो दुखेको
चम्चुरमा तेल पट्काएर
बुवाले आमाको दाहिने कोखोमा लगाएको
शीत ज्वरोले थल्लिएको बेला
खुकुरी र कालो भालेको मन्त्र
तीन चुलाको खरानी फुकेर धामी बाले
मेरो हराएको सातो तन्त्रमन्त्रबाट उकासेको
ती क्षणहरु अजम्बरी रहनेछन्
बरु जिन्दगी नरहला, याद रहिरहनेछ।

# लम्पी स्किन रोग सम्बन्धी जानकारी

**परिचयः**

- यो रोग गाई भैसीमा देखिने रोग हो ।
- यो पोक्स भाइरसले गर्दा लाग्ने गर्छ ।
- सन् 2012 मा मध्यपूर्व देखि दक्षिण-पूर्वी युरोपमा फैलिएको थियो ।
- हाल ५५ जिल्लामा फैलिएको पुष्ट्याई भएको छ ।
- मृत्युदर गाईवस्तुमा ३-७ र भैंसीमा ०% रहेको छ ।
- यसले स्थानीयको तुलनामा उन्नत नश्ललाई बढी असर गर्ने गर्छ ।
- उत्पादनमा गिरावट् आउने, ओसारपसारमा प्रतिवन्ध गर्नुपर्ने हुदा आर्थिक नोक्सानी हुने गर्दछ ।
- यो रोग पशुबाट मानिसमा सर्दैन ।
- रोग गर्मि मौसममा किराहरुको टोकाईबाट सर्ने गर्दछ ।

**लक्षणहरुः**


संक्रमित पशुहरुमा निम्न लक्षणहरु देखा पर्ने गर्दछ ।

- उच्च ज्वरो १०४ डिग्री फरेनहाइट भन्दा बढी आउने गर्दछ ।
- छालामा १ देखि ५ सेन्टिमिटरका साह्रा गोलो गिर्खाहरू देखिने ।
- थतुनो,ओठ, मुख र नाकभित्र घाउ देखिन्छ।
- आखाँ र नाकबाट अत्यधिक मात्रामा तरल पदार्थ आउँछ,र्‍याल काड्छ, लिम्फ नोडहरू सुनिन्छन, संक्रमित पशु लक्षण नदेखाई मर्न पनि सक्छ ।
- किराले गिर्खाहरु फुटाएर जटिल प्रकारका घाँउ बनाउन सक्छ ।



**रोग सर्ने माध्यमः**

- संक्रमित लामखट्टे, झिंगा, किर्ना जस्ता किराहरूको टोकाइबाट सर्छ ।
- संक्रमित गाईवस्तुहरुको ओसारपसार गर्दा सर्छ ।
- उपचारमा संलग्न प्राविधिक तथा प्रयोग गरिने संक्रमित औजारबाट सर्न सक्छ।
- पशुको प्रजनन, दानापानी खाने भाँडा, चरण क्षेत्र तथा प्रत्यक्ष पशुको सम्पर्कबाट पनि सर्न सक्छ ।




**उपचारः**

दुर्भाग्यवश यो रोग भाइरसबाट लाग्ने भएको हुदाँ प्रभावकारी उपचार छैन । यसको सबैभन्दा राम्रो उपाय भनेको रोग लाग्न नदिनुनै उत्तम उपाय हो। यसको सट्टा, संक्रमित जनावरहरूले सहायक हेरचाह गर्न सकिन्छ,जसमा लक्षणको आधारमा उपचार गर्न एन्टिबायोटिक, पेनकिलर र घाउ सफा गर्ने स्प्रेहरुको प्रयोग गर्न सकिन्छ । कुनै उपचार नभए पनि रोग फैलिन नदिन वा नियन्त्रण गर्न भ्याक्सिनको प्रयोग गर्न सकिन्छ । दुर्भाग्यवश यसको भ्याक्सिन हाल सम्म नेपालमा उपलब्ध छैन । आसा छ यसको भ्याक्सिन नेपालमा छिटै उपलब्ध हुने छ ।



**रोगको शंका लागेमा के गर्नेः**

- रोगको प्रकोप फैलिएको क्षेत्रका पशुहरुलाई नियमित निरिक्षण गर्ने ।
- रोगको शंका लागेका नजिकका भेटेरीनरी प्राविधिक, गाउँपालिका पशु सेवा केन्द्र, एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालयमा खबर गर्ने ।
- पशुहरुको ओसारपसार गर्न पुर्णरुपमा बन्द गर्नुपर्छ ।




Figure 1. Viral pathway of lumpy skin disease

**रोकथाम तथा जैविक सुरक्षाका उपायहरुः**

तपाईं आफ्नो फार्मको सुरक्षा कसरी गर्न सक्नुहुन्छ ? आफ्नो फार्मको सुरक्षाका लागि विभिन्न उपायहरु अपनाउने गर्नुहोला । विश्वसनीय स्रोतहरूबाट गाईभैंसी खरिद गर्नुपर्दछ । गाईभैंसी खरिद गरेर ल्याउदा २८ दिनसम्म बथानबाट अलग्गै वा क्वारेन्टाइनमा राख्नुपर्दछ । यो रोगको प्रकोपको समयमा रोग लागेको ठाउँ बाट गाईभैंसी ल्याउन हुदैन। गोठलाई झिंगा, लामखुट्टे तथा अन्य किराहरूबाट मुक्त राख्नु ,सरसफाइमा ध्यान दिनपुर्दछ । आवश्यकता अनुसार उपयुक्त किटनाशक औषधी प्रयोग गर्नुपर्दछ । गोठको वरिपरि पानी जम्ने ठाउँ हनु हुदैन । आफ्नो फार्ममा जैविक सुरक्षाका उँपायहरू अवलम्बन गर्नुपर्दछ । प्रत्यक वर्ष पशुवस्तुहरुलाई खोप लगाउनुपर्छ ।



**रोग देखिएमा यहाँ सम्पर्क गर्नुहोलाः**

- वडानं १ र २ का लागि अमृता रोका, ९८४८०५७२७२
- वड नं ३ र ८ का लागि दिल कुमारी सुनार, ९८६७२२९४६६
- वडा न् ४ र ५ का लागि जनम बुढा मगर, ९८४८६९९७२८
- वडा नं ६ र ७ का लागि भुपाल ओली, ९८६६९१६०३७
- वडा नं ९ का लागि कमल के सी, ९८४६८१०१६०
- गाउँपालिका पशु सेवा केन्द्र का लागि नारयण ओली, ९७६२५२७१७० भुपेन्द्र शाही , ९८६६९१६०३७



**जनहितका लागि**
**भूमे गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पशु सेवा केन्द्र**

**खाबाङबगर, रुकुम (पूर्व)**
**लुम्बिनी प्रदेश, नेपाल**

**थप जानकारीका लागि. ९७६२५२७१७०, ९८६६९१६०३७, ९८४८६९९७२८, ९८६८६३३५५१, ९८४८०५७२७२, ९८४६८१०१६०**